नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## प्रेस विज्ञप्ति

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु,

गत भाद्र २३ र २४ गते युवाहरुको अगुवाइमा भएको आन्दोलनको मर्म र भावना अनुरुप सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुले आफूलाई रुपान्तरण गरी नागरिकको अपेक्षा पूरा गर्ने किसिमले शीघ्र एवं गुणस्तरीय सेवा प्रवाहमा केन्द्रित हुनु नै प्रशासन संयन्त्रको व्यवसायिक कर्तव्य र दायित्त्व हो। यसै तथ्यलाई आत्मसात गरी आन्दोलनका सहिदहरुको सपना पूरा गर्दै भ्रष्टाचार नियन्त्रण गरी समृद्ध र सुशासनयुक्त नेपालको निर्माणका लागि यस विषम परिस्थितिमा सरकारको नीतिगत मार्गदर्शनमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु एकजुट भएर अहोरात्र खटिनु जरुरी छ।

नेपाल सरकारले राष्ट्र सेवक कर्मचारीहरुको कानून बमोजिमका सेवाका सर्तको सुरक्षा र वृत्ति विकास एवं सेवा, सुविधामा असर पर्ने गरी कुनै निर्णय नलिने जानकारी गराउदछु। प्रक्रियागत सरलता, शीघ्रता र पारदर्शीता सहितको गुणस्तरीय सेवा प्रवाहमा अविच्छिन्नता सुनिश्चित गर्न सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुमा उच्च मनोवल कायम राखिरहन सरकार सधैं प्रतिवद्ध रहेको कुरा स्पष्ट पार्न चाहन्छु। कार्यवोझ कम भएका कार्यालयको दरबन्दी घटाई कार्यवोझ बढी भएका र सेवा प्रवाहमा प्रत्यक्ष संलग्न हुने कार्यालयहरुमा दरबन्दी वृद्धि गर्ने गरी कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने वर्तमान सरकारको नीति रहेको समेत जानकारी गराउदछु। सबै सरकारी कार्यालयहरुमा सुरक्षित कार्य वातावरण निर्माण गरी निर्बाध सेवा प्रवाह सुनिश्चित गर्न समेत नेपाल सरकार प्रतिवद्ध छ। तसर्थ सम्पूर्ण निजामती कर्मचारीहरुको केन्द्रीय निकाय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रीको हैसियतमा म सबै कर्मचारी साथीहरुलाई स्वतःस्फूर्त रुपमा आफ्नो जिम्मेवारी निर्वाह गर्नमा केन्द्रित हुन र कर्मचारीको मनोवल कमजोर पार्ने खालका क्रियाकलाप एवम् कार्यालयको काममा बाधा पर्ने गरी अन्य कुनै गतिविधिमा संलग्न नहुन आव्हान गर्दछु।

रामेश्वर प्रसाद खनाल
मन्त्री, अर्थ तथा संघीय मामिला तथा सामान्य प्रशासन
आश्विन ८, २०८२